भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

**प.सं.:** ०७५-७६
**च.नं.:**

**मिति:** २०७५।१२।२७

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मितिः २०७५/१२/२१)**

यस भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायका कार्यहरु परामर्श सेवा मार्फत सम्पादन गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले तपसिल बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न हुन अनुरोध छ ।

| क्र.सं. | परामर्श सेवाको विवरण | प्रस्ताव दर्ता गर्दा लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | बहुउद्देश्यीय सभा हल भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | रु. १,०००।– (एक हजार मात्र) | |

१) प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समयभित्र गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगरमा दर्ता गर्नुपर्नेछ ।
२) प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाहरु यस गाउँपालिको कार्यालयमा सूचीकृत हुनुपर्नेछ ।
३) सूचीकृत भएको प्रमाणपत्र सहित माथि उल्लिखित कार्य गर्नको लागि आवश्यक लागत अनुमान सहितको छुट्टाछुट्टै सिलबन्दी प्रस्ताव (आर्थिक र प्राविधिक प्रस्ताव) पेश गर्नुपर्नेछ ।
४) प्रस्तावसँगै व्यवसाय दर्ता प्रमाणपत्र/नवीकरण, कर चुक्ता प्रमाणपत्र, कालो सूचीमा नपरेको स्वघोषणा लगायत कार्य सम्पादन गर्न सक्ने आधार सहितका प्रस्तावदातासँग सम्बन्धित कागजातहरु ।
५) प्रस्तावको आधारमा माथि उल्लिखित कार्य गर्न एउटै वा छुट्टछुट्टै प्रस्तावदाता छनौट गरिनेछ ।
६) फर्म वा कम्पनीको हकमा फर्म वा कम्पनीको विवरण, संगठन र कर्मचारीको विवरण तथा विगतमा सम्पन्न गरेका समान प्रकृतिका काम र विवरण पेश गर्नुपर्नेछ ।
७) माथि उल्लिखित कार्यहरु कार्य शर्तगत विवरणमा उल्लेख भएको समयभित्र गरिसक्नु पर्नेछ ।
८) थप जानकारीका लागि यस कार्यालयको वेबसाइट www.bhumemun.gov.np वा ९८०८५०२०२३ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत